नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०
सानोठिमी भक्तपुरको

# २०७८ सालको एसईई ग्रेडबृद्धि (पुरक) परीक्षाको पुनर्योग सम्बन्धी सूचना

मितिः २०७९/०६/१३

२०७८ सालको ग्रेडबृद्धि (पुरक) परीक्षामा सम्मिलित भएका परीक्षार्थीहरुले आफुले प्राप्त गरेको ग्रेडमा चित्त नबुझी पुनर्योग गराउन चाहेमा निम्न प्रक्रिया पुरा गरी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा वा सोझै यस कार्यालयमा २०७९ साल कार्तिक ०६ गते सम्ममा तोकिएको ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइहरुले यसै सूचनालाई आधार मानी आवश्यक व्यवस्था मिलाउनु हुन समेत अनुरोध छ।

१. निवेदन दस्तुर प्रति विषय रु ५००। (पाँच सय) का दरले हुने रकम राजश्व खाता नं १४२२३ मा जम्मा गर्नुपर्ने।

२. निवेदनको ढाँचा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को website:www.see.gov.np वा राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

३. निवेदन फाराम साथ निम्न कागजातहरु संलग्न गर्नुपर्नेछः

क) एसइइ ग्रेडबृद्धि (पुरक) परीक्षा २०७८ को ग्रेडसिट वा ग्रेड लेजरको प्रतिलिपी
ख) प्रवेशपत्रको प्रतिलिपी

४. शिक्षा विकास तथा समन्वय इकाइहरुले पुनर्योगको लागि आवेदन फाराम भर्ने परीक्षार्थीहरुको निवेदन सहितका कागजातहरु फाराम म्याद समाप्त भएपछि तुरुन्त पठाउनुहुन अनुरोध छ।

नियन्त्रक
परीक्षा नियन्त्रण कार्यालय कक्षा १०
सानोठिमी भक्तपुर।